# २. मण्डलीमा सम्बन्ध

क. मुख्य पदहरु

| | |
|---|---|
| १कोरिन्थी १३:१-८ | रोमी १२:९-२१ |
| १यूहन्ना ४:२०-२१ | फिलिप्पी २:१-४ |
| प्रेरित ४:३२-३५ | १कोरिन्थी १२:२५-२७ |
| १यूहन्ना ३:१६-१८ | १यूहन्ना १:७ |
| यूहन्ना १३:३५ | प्रेरित २:४२-४७ |
| एफिसी ४:१३-१६, २५ | १थेस्स ५:१२-१५ |

ख. परिचय

जोन वेस्लीले एकचोटी भनेका थिए, "एकलिएको धर्मको बारेमा बाइबलमा कहिँ केही उल्लेख भएको पाईदैन." क्रिश्चियन धर्म सँगति तथा मेल-मिलापमा आधारित छ. ख्रीष्टलाई पछ्याउनुको मतलब प्रेम, धार्मिकता, सेवा आदि कुराहरु मण्डलीको सामाजिक सम्बन्धद्वारा मात्र प्राप्त गर्न सकिन्छ. मण्डली-सँगतिको ठाउँ अन्य कुनै कुराले लिनसक्दैन.

धेरैचोटी क्रिश्चियनहरुले प्रभुको सेवा गर्न छोड्छन् र आफ्नो बोलावटलाई नै त्यागिदिन्छन् किनभने म आफू मात्रै छु कसैले मेरो वास्ता गर्दैन भन्ने तिनीहरु सोच्छन्. आफूले भोगेको जस्तो समस्या अरु कसैको पनि नभएको तिनीहरु विचार गर्छन्. हामी येशूको चेला भएकोले अरु क्रिश्चियनहरुको वास्ता गर्नु पर्दैन भनेर शैतानले हामीलाई सक्दो मनाउन खोज्छ. ऊ हामीलाई भन्छ, "तिमीसँग परमेश्वर हुनुभएसम्म अरु क्रिश्चियनहरुको के खांचो ?" तथापि सत्यचाहिँ यो हो, हामी जीवित पत्थरहरु हौं र हामी सबैलाई मिलाएर परमेश्वरले एउटा आत्मिक घर बनाउदै हुनुहुन्छ (१ पत्रस २:५; एफिसी २:२०-२२). साँचो विश्वासीहरुलाई एक अर्काको आवश्यकता पर्दछ. वास्तवमा साँचो क्रिश्चियनहरु एक-आपसमा निर्भर रहन्छन्. ग्रीक भाषामा "सँगति" (fellowship) वा koinonia भनिन्छ जसको अर्थ "साझेदारी गर्नु" वा "सहभागिता" हुन्छ (प्रेरित २:४२; १यूहन्ना १:७). क्रिश्चियनहरु कसरी जिउनुपर्छ त्यो यो शब्दले बयान गरेको छ अर्थात एउटा यस्तो समुदाय जो सँगै बस्छन्. परमेश्वरले

तिनीहरुलाई दिनुभएको बलिदानात्मक निःस्वार्थ "अगापे" प्रेममा आफूसँग भएका वस्तुहरु परस्परमा बांडछन् (रोमी ५:५; यूहन्ना १३:३४; १यूहन्ना ३:२३).

ग. आत्माको सँगति

**यो मन** तथा हृदयको मनोवृत्ति हो. येशू ख्रीष्ट र क्रिश्चियन विश्वासी बीच भएको करारको यो अभिव्यक्ति हो जुन परिवार वा मित्रताको स्वाभाविक सम्बन्धभन्दा धेरै गहिरो छ. क्रिश्चियन जीवनमा अहिले सबैभन्दा ठूलो चुनौती नै यही भएको छ. हामी क्रिश्चियनहरु आफ्नै होइनौ. विश्वासद्वारा हाम्रो जन्म अद्‌भूत विश्वव्यापी विश्वासीहरुमाझ भएको छ. हामी जाति, रंग वा समयानुकुल भएको कारण एक भएका छैनौ तर येशूको रगतद्वारा हामी सँगै गाँसिएर एक भएका छौं (गलाती ३:२६-२८). वास्तवमा परमेश्वरले ख्रीष्टमा पूरा गर्नुभएको कामले गर्दा हामी एक भएका हौं. संसार शुरु हुनुभन्दा अगाडि नै परमेश्वरले ख्रीष्टमा यसो गर्छु भनेर आफ्नो मनमा चिताउनु भएको थियो (एफिसी १:४-५). पवित्र आत्मा मार्फत परमेश्वरले हामीभित्र गर्नुभएको कामको कारण नै हामी वर्तमान अवस्थामा परिणत भएका छौं (फिलिप्पी २:१-२; २कोरिन्थी १३:१४).

घ. आत्माको सँगति सहभागिताका सात पक्षहरु

१. **आत्माको प्रेम** (रोमी १५:३०)

विश्वासीका रुपमा हामी बीचको सम्बन्धको केन्द्रमा परमेश्वरको प्रेम रहेको छ. यो स्वाभाविक स्नेह एकले अर्कालाई मन पराएको कारण उत्पन्न प्रेम होइन तर पवित्र आत्माको हामीमा प्रत्यक्ष कामद्वारा उत्पन्न प्रेम हो (रोमी ५:५). जहाँसम्म अरु मानिसहरुसँगको सम्बन्ध छ यो प्रेमको सच्चाई चेलापनको मुख्य चिन्ह हुने कुरा येशूले बताउनु भएको छ (यूहन्ना १३:३५).

२. **आत्माको एकता**

**ख्रीष्टमा** गरेको विश्वास (गलाती ३:२६-२८) र पवित्र आत्मामा साझेदारीको हैसियतमा हाम्रो एकता कायम छ (१कोरिन्थी १२:१३). हामीमा हुनुभएको पवित्र आत्माद्वारा यो एकता स्वर्गीय पिताकहाँ हाम्रो सामूहिक पहुंचले देखाएको छ (एफिसी २:१७-१८). यो एकता अमूल्य

भएकोले आवश्यक परेका बेलामा यसको सुरक्षा र संरक्षण गर्नु जरुरी छ (एफिसी ४:३).

३. **आत्माको मन्दिर**

हामी क्रिश्चियनहरु एकैसाथमा मिलेर प्रभुको निम्ति पवित्र मन्दिर बनेका छौं जहाँ परमेश्वर आफ्नो पवित्र आत्माद्वारा वास गर्नुहुन्छ (१कोरिन्थी २:२१-२२). यो मन्दिर अथवा परमेश्वरको स्तुति प्रशंसा चढाउने ठाउँ पनि हो (१ पत्रस २:५). यो भवनलाई परमेश्वर धेरै इज्जत गर्नुहुन्छ र पहिले राखिसकिएको जगमा हामी कसरी भवन बनाउंछौं यसमा हामीलाई होशियार हुन भनिएको छ (१कोरिन्थी ३:१०-१७). परमेश्वरको मन्दिर खेलांची गर्ने ठाउँ होइन किनभने उहाँको अमूल्य वासस्थानमा राम्रो व्यवहार गरेनौ भने त्यसको निम्ति हामीलाई जिम्मेवार ठहऱ्याइनेछ.

४. **आत्माको गौरव**

परमेश्वर जहाँ वास गर्नुहुन्छ त्यहाँ उहाँको महिमा पनि हुन्छ (१पत्रस ४:१४). पवित्र आत्माको परिवर्तनकारी कार्यले हामीलाई सर्वप्रथम त येशूमा परमेश्वरको महिमाको दर्शन गर्न लगाउंछ र त्यहींबाट उहाँको महिमा हाम्रो जीवनमा देखिएर येशूको स्वरुपमा हामी परिवर्तन हुनथाल्छौं (२कोरिन्थी ३:१८).

५. **आत्माको बरदानहरु**

विश्वासीहरुबाट व्यक्तिगत रुपमा पवित्र आत्माको बरदानहरु प्रष्फुटन हुन्छन् तर बास्तवमा तिनीहरु व्यक्ति विशेषको लागि नभएर मण्डलीको लागि हो (१कोरिन्थी १२:७). आत्मामा सँगति नभएमा पवित्र आत्माका वरदानहरुको खासै महत्व हुँदैन. तिनीहरुको कार्यान्वयनलाई देहको एकताको लक्षणको रुपमा लिइनुपर्छ.

६. **आत्माको आशा**

जहाँ विश्वास हुन्छ त्यहाँ आशा पनि हुन्छ. क्रिश्चियन आशा सम्पूर्ण वास्तविकता हो किनभने यो येशूको काम र वचनमा आधारित छ तथा यो विश्वासबाट उत्पन्न भएको छ. यो विश्वास पवित्र आत्माले हामीमा उत्पन्न गर्नुभएको छ (गलाती ५:५-६). पवित्र आत्माले हामीभित्र उत्पन्न गर्नुहुने विश्वास, आशा र प्रेम केवल व्यक्तिगत अनुभव मात्र होइनन् तर पवित्र आत्माको सँगतिमा हाम्रो जीवनबाट सामूहिक रुपमा पनि अभिव्यक्त हुंदछ.

**७. आत्माको आराधना**

आत्मामा सँगतिको अर्थ परमेश्वरको सामून्नेको आराधना हो जहाँ येशूको पूर्व उपस्थितिमै हामी आराधनाको सँगतिमा सहभागि हुन्छौं. हाम्रो सँगति यो ठाउँमा अझ व्यापकतामा प्रकट हुन्छ. साँचो आराधनाको जग पवित्र आत्माको काममा रहेको हुन्छ (फिलिप्पी ३:३; यूहन्ना ४:२३-२४).

## ङ. आत्मामा एक

आफ्नो पुत्रद्वारा हाम्रो अगाडि परमेश्वरले प्रश्तुत गर्नुभएको आदर्शभन्दा हामी कति तल छौं त्यो जान्दा उहाँले आफ्नो हृदयमा गहिरो बेदना अनुभव गर्नुहुन्छ होला. येशूमा उहाँले हाम्रो सँगतिको जग बसाल्नु भएको थियो. पवित्र आत्माको प्रेम र आज्ञाकारितामा यसलाई वास्तविकतामा परिणत गर्ने शक्ति हामीलाई दिनुभएको थियो. हामीलाई पीडा र असफलतामा पुऱ्याएर शैतान कहिलेकाहिँ त सफल भएजस्तै देखिन्छ. निश्चय नै, व्यवहारिक हिसावले हेर्दा गहिरो अर्थमा हामी सबै क्रिश्चियनहरुसँग सँगति गर्न सक्दैनौ र यसको आशय पनि यो होइन. हामीले मन पराए अथवा मन नपराए पनि हामी हरेक साँचो क्रिश्चियनहरुसँगको सँगतिमा छौं किनभने येशू ख्रीष्टको कामद्वारा हामी परमेश्वरको हृदयसँग गांसिएका छौं. हाम्रो सँगतिको दायरा हामी प्रत्येकले थाहा पाउन सक्नु पर्दछ ताकि व्यवहारिक रुपमा अरु क्रिश्चियनहरुसित यो सँगतिलाई पूरा गर्ने तरीका अभिव्यक्त गर्न सकियोस. यो एकदमै विशिष्ट ढङ्गबाट हुनुपर्छ भन्ने चाहिँ होइन.

## च. सँगतिको परिणाम

**१. फलदायीपन**

भजन १३३ मा भजन रचयिताले एकतालाई सियोन पर्वतमा खसेको हेर्मोनको शीतसँग तुलना गरेका छन्. हेर्मोनको शीत जीवन र देशको लागि पानीको स्रोत हो. त्यसले मानिसहरुमा भोजन र ताजापन उपलब्ध गराएर तिनीहरुलाई फल फलाउन लगाउंछ. हाम्रो निम्ति सँगतिले त्यही कुरा गर्छ अर्थात दैनिक जीवनमा परमेश्वरसित हिंडन हामीमा यसले पोषण तत्व र ताजापन भरिदिन्छ जसले गर्दा हामी (जीवनमा) फल फलाउन सक्नेछौं.

२. **सृजनात्मकता**

हाम्रो जीवनको धेरै क्षेत्रहरुमा अरु क्रिश्चियनहरुसित सँगति नभइकन हामी राम्रोसित काम गर्न सक्दैनौ. क्रिश्चियन सँगति व्यक्तिगत अभ्यासमा हैन तर यो सामूहिक क्रियाकलापमा अन्त हुनजान्छ. हामी अरुहरुसँगको सँगतिमा निरन्तर जिउने भएकोले प्रायश: हामीले सामना गर्नुपर्ने चुनौतीहरु त्यहिँबाट उत्पन्न हुन्छन्. पवित्र आत्मालाई उचित स्थान दिएमा उहाँले नै ख्रीष्टको देहमा एकता ल्याउनुहुन्छ. अनि देहलाई सिङ्गो राख्न तथा सुधार्न आवश्यक वरदानहरु उहाँले दिनुहुन्छ. देहमा आत्मिक वरदानहरुको कमी र आत्मिक दरिद्रता हुनु हुदैन. हामी आफ्ना वरदानहरु परस्पर प्रेम र सेवाभावमा बांड्दै गर्दा मण्डलीका प्रत्येक व्यक्तिहरुको (आत्मिक) निर्माण तथा समृद्धि हुनजान्छ (१पत्रस ४:१०-११). मानिसहरुमा निहित परमेश्वरका कुराहरुको पहिचान उहाँको इच्छामा आत्माको उदारताले गर्दछ र यसलाई आपसी मदत र प्रोत्साहनले वृद्धि गराउंछ (हिब्रू १०:२४-२५).

३. **मूल्य**

कसैसँग नजीकको सम्बन्ध राख्ने हो भने त्यसको निम्ति केही मूल्य चुकाउनै पर्छ. पाउनको निम्ति केही दिनुपर्छ. दिंदाखेरि हामीले ओढिराखेको हाम्रो रक्षा-कवच फुकालिनुपर्छ. बास्तवमा सँगतिको लागि जब हामी उदार हुनथाल्छौं त्यसरी हामी असुरक्षित हुन्छौं. कम्ती नै मात्र मानिसहरु सिद्ध हुने भएकोले हाम्रो एक-आपसमा निहित परमेश्वरका आशिषहरुबाट हामीले प्राप्त गर्ने मात्र नभएर हाम्रो जीवन र व्यक्तित्वमा भएका हरेक प्रभाव तथा स्वाभाविक गुण/अवगुण हामीमा आउन सक्ने खतरा पनि निम्त्याउंछौं. त्यसैकारण कतिपय मानिसहरु अरुहरुका सामून्ने खुल्न सक्दैनन्. उनीहरु मनमा चोट लाग्ने, असमझदारी तथा मलाई मन नपराउने हुन् कि भनेर डराउंछन्. यद्यपि अरुहरुको अगाडि खुलस्त भइदिएर हामी आफैंलाई असुरक्षित बनाउंछौं तर तथ्यचाहिँ हाम्रो यस्तो उदार व्यवहारबाट मात्र सँगति बढ्छ र यसले आफ्नो अभिष्ट पूर्ति गर्छ. यदि तपाई एक्लो हुनुहुन्छ भने आफैंसित प्रश्न गर्नुहोस्, “के म (अरुका सामून्ने) खुल्न सक्छु र साँचो मित्रताको निम्ति मूल्य चुकाउन तयार छु ?”

हामी नम्र हुनुपर्छ र पवित्र आत्मालाई हाम्रा हृदयका सबै मनोवृत्ति तथा विचारहरुलाई जाँच्न दिनुपर्छ. साँचो विश्वासीहरु बीच निरन्तर छिन्न-भिन्नता र आत्मिक विच्छेदले गर्दा हामीले प्रचार गर्ने सुसमाचारमा

विश्वसनीयता कायम रहन सक्दैन. त्यस प्रकारको (सम्बन्ध) विच्छेद प्राय: हाम्रो जीवन र सेवकाईहरुलाई अपाङ्ग पारिदिने तत्व साबित हुन्छ. एक-आपसमा तथा आफैंमा निहित आत्मविश्वास यसबाट हराउंछ र अनि हाम्रो सुसमाचारलाई तिरस्कार गर्न संसारलाई प्रमुख कारण उपलब्ध गराइदिन्छ.

*"यसैबाट प्रेम के हो हामी थाहा पाउंछौं, कि उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो. हामीले पनि आफ्ना दाज्यू-भाइहरुका निम्ति आफ्नो प्राण दिनुपर्छ. ...साना बालकहरु, वचन र बोलीले मात्र हामी प्रेम नगरौं, तर काम र सत्यताले प्रेम गरौं.* (१यूहन्ना ३:१६, १८)

## छ. खीष्टको देहमा एक-आपसप्रति हाम्रो व्यवहार कस्तो हुनुपर्छ ?

- एक आपसमा प्रेम गर्नुपर्छ (यूहन्ना १३:३४-३५; यूहन्ना १५:१२, १७, १थेस्स ३:१२; १थेस्स ४:९; १पत्रस १:२२; १यूहन्ना ३:१८; १यूहन्ना ४:७, ११-१२).
- एक अर्कालाई प्रोत्साहन दिनुपर्छ (१थेस्स ४:१८; हिब्रू ३:१३; हिब्रू १०:२५).
- एक-आपसप्रति प्रेम र सद्व्यवहारमा उत्साह जगाउनु पर्दछ (हिब्रू १०:२४).
- एक अर्कालाई उठाउनुपर्दछ (१ थेस्स ५:११).
- एक अर्काको सुधार गर्नुपर्दछ (रोमी १४:१९).
- एक अर्कालाई चेताउनी (सुधारको निम्ति) दिनुपर्दछ (कलस्सी ३:१६).
- एक अर्कालाई शिक्षा दिनुपर्दछ (रोमी १५:१४).
- एक अर्काको सेवा गर्नुपर्दछ (गलाती ५:१३; १ पत्रस ४:१०).
- एक अर्कालाई सहनुपर्दछ (एफिसी ४:२; कलस्सी ३:१३).
- एक अर्कालाई क्षमा गर्नुपर्दछ (एफिसी ४:३२; कलस्सी ३:१३).
- एक आपसमा दयालु हुनुपर्दछ (एफिसी ४:३२).
- एक आपसमा कोमल (मनको) हुनुपर्दछ (एफिसी ४:३२; १पत्रस ३:८).
- एक आपसमा समर्पित हुनुपर्दछ (रोमी १२:१०).
- एक अर्कालाई आदर देखाउनुपर्दछ (रोमी १२:१०).
- एक आपसमा मिलेर बस्नुपर्दछ (रोमी १२:१६; १ पत्रस ३:८).
- एक आपसमा धिरजी हुनुपर्दछ (एफिसी ४:२).
- एक अर्कालाई स्वीकार गर्नुपर्दछ (रोमी १५:७).
- एक अर्काको अधीनमा बस्नुपर्दछ (एफिसी ५:२१).

- एक अर्काप्रति विनम्रताको वस्त्र धारण गर्नुपर्दछ (एफिसी ४:२; १पत्रस ५:५).
- एक अर्कालाई सिकाउनुपर्दछ (कलस्सी ३:१६).
- एक अर्कासित शान्तिसँग बस्नुपर्दछ (मर्कूस ९:५०; रोमी १२:१८).
- एक अर्कासँग आ-आफ्ना पापहरु स्वीकार गर्नुपर्दछ (याकूब ५:१६).
- एक अर्काको निम्ति प्रार्थना गर्नुपर्दछ (याकूब ५:१६).
- एक अर्काको अतिथि सत्कार गर्नुपर्दछ (१ पत्रस ४:९).
- एक अर्कालाई अभिवादन गर्नुपर्दछ (रोमी १६:१६; १ पत्रस ५:१४).
- एक अर्कासित सँगति गर्नुपर्दछ (१यूहन्ना १:७).
- एक-आपसमा सहमत हुनुपर्दछ (१कोरिन्थी १:१०).
- एक अर्काको भार (बोझ) उठाउनुपर्दछ (गलाती ६:२).

ज. ख्रीष्टको देहमा हामीले गर्न नहुने कुराहरु

- एक अर्कालाई टोक्ने र निल्ने गर्नुहुन्न (गलाती ५:१५).
- एक अर्कालाई रीस नउठाओ, इर्ष्यालु नबनाओ (गलाती ५:२६).
- एक अर्कालाई घृणा गर्नुहुन्न (तीतस ३:३).
- एउटाले अर्काको इन्साफ गर्नुहुन्न (रोमी १४:१३).
- एउटाले अर्कालाई हप्काउनुहुन्न (कलस्सी ३:९).
- एक अर्काको खराब कुरा नगर्ने र नचाहिंदो हल्ला नचलाउने (याकूब ४:११).
- एउटाले अर्काको विरुद्धमा गनगन गर्नुहुन्न (याकूब ५:९).
- एउटाको विरुद्धमा इन्साफको निम्ति (क्रिश्चियनकहाँ बाहेक) अक्रिश्चियनकहाँ जानु हुँदैन (१कोरिन्थी ६:१-८).

झ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. अन्य विश्वासीहरुसँगको सँगतिपूर्ण जीवनमा भोग्नुपर्ने पीडा ती विश्वासीहरु जसलाई तपाई ख्रीष्टमा अति माया गर्नुहुन्छ तिनीहरुले आफैंलाई तथा अरुलाई पनि पीडा दिने र अनुत्पादक कार्यहरु गरेको वा त्यस्तो अडान लिएकोमा केही गर्न नसकेर टुलु-टुलु हेरिरहनुपर्ने हुन्छ. यसमाथि छलफल गर्नुहोस्.

२. सम्बन्धहरुमाथि डरको कस्तो प्रभाव हुन्छ ? अरु मानिसहरुसँग सँगतिको निम्ति गरिने तीव्र प्रयासले फल फलाउंछ कि ? (१यूहन्ना ४:१८; हिब्रू १३:६).

३. घर-घरमा गरिने सँगतिको झुण्डहरु हाम्रो माण्डलिक जीवनमा बाइबल सम्मत छ ? (प्रेरित २:४२-४७; पेरित ४:३२-३५; प्रेरित १२:१२; प्रेरित १६:४०; कलस्सी ४:१५; फिलेमोन २).

४. आफ्नो आत्मिक उन्नतिको लागि तपाईलाई अरु क्रिश्चियनहरुको पनि आवश्यकता पर्छ कि पर्दैन ? छलफल गर्नुहोस्.

५. आफ्नो स्थानीय मण्डलीमा अरु क्रिश्चियनहरुलाई पनि प्रोत्साहन गर्ने कहिल्यै विचार गर्नुभएको छ ? अथवा तिनीहरुलाई कार्ड वा साहसका शब्दहरु लेखिएका धर्मशास्त्रका पदहरु अंकित चिठीहरु पठाउनु भएको छ ? यदि पठाउने गर्नुभएको छैन भने अहिले नै शुरु किन नगर्ने ?

६. आफू संलग्न भएको झुण्डका मानिसहरुलाई तपाईं रीस उठाउने जस्ता कुराहरु गर्नुहुन्छ कि ? यदि त्यसो हो भने त्यस किसिमका व्यवहार गर्नबाट आफूलाई कसरी जोगाउनुहुन्छ ?

७. के येशूका नीकटतम मित्रहरु थिए कि ? (मर्कूस ५:३७; लूका ९:१; लूका १०:१; यूहन्ना २०:२; प्रेरित १:१५). क्रिश्चियन एकताका निम्ति येशूको कस्तो विचार थियो (यूहन्ना १७:२०-२३).

८. सम्बन्धहरुको एउटा खाका कोर्नुस र त्यसमाथि मनन गर्नुहोस्. एउटा सेतो कागजमा आफ्नो प्रतिनिधित्व गर्ने एउटा थोप्लो लगाउनुस र त्यो थोप्लो वरिपरि आफूले चिन्नुहुने मानिसहरु झल्काउने अरु २० ओटा जति थोप्लाहरु लगाउनुस. आफूलाई एकदमै नजीक लाग्ने मित्रहरु , र त्यति नजीक नभएका तर मित्रवत व्यवहार गरिनुपर्नेहरुलाई अलि टाढा राख्नुहोस्. त्यसपछि ती मानिसहरु त्यति टाढा किन छन् भनेर आफैंसित प्रश्न गर्नुहोस्. यही अवस्था ठीक छ या यसमा परिवर्तन आवश्यक छ ? आफ्ना गलत मनोवृत्तिहरुका निम्ति प्रभुसँग क्षमा माग्नुस र आफ्ना वरिपरिकाहरु जसले तपाईंको मन दुखाएका छन् तिनीहरुलाईपनि क्षमा गर्नुस.

९. एक अर्काको सेवा गर्ने समर्पणता व्यक्त गर्ने तरीकाहरुको एउटा सूची तयार पार्नुहोस् (फिलिप्पी २:४). आफ्नो प्रेमले तपाईलाई भर्नका लागि प्रभुसित बिन्ती गर्नुहोस् ताकि अरुको सेवा गर्दा वास्तवमा तपाईंले येशू ख्रीष्टकै सेवा गरिरहेको जान्न सक्नु भएको होस (मत्ती २५:३१-४६).

१०. "ख्रीष्टको देह (मण्डली) मा एक-आपसप्रति हाम्रो व्यवहार कस्तो हुनुपर्छ ?" भन्ने शिर्षकमा हेर्नुहोस् र यी क्षेत्रहरुमा व्यवहारिक रुपमा प्रगति गर्ने तरीका र साधनहरुका बारेमा छलफल गर्नुहोस्.

११. धेरै क्रिश्चियनहरु किन एक्लो देखिन्छन् ? के स्थिति यस्तै हनुपर्ने हो ? यसबारेमा आफ्नो मण्डलीमा तपाई के गर्न सक्नुहुन्छ ?

१२. नयाँ क्रिश्चियनहरुलाई मण्डलीमा दह्रो गरी स्थापित हुनका निम्ति कम्तीमा सातओटा सम्बन्धहरु भित्रमा विकास गर्नुपर्ने आवश्यकता छ भनिन्छ. यदि यसै हो भने तपाईंको प्रत्युत्तर कस्तो हुनुपर्ला ? छलफल गर्नुहोस्.

## ञ. सारांश र प्रयोग

१. हामी आफ्नै बलमा आत्मिक परिपक्वतामा पुग्न सक्दैनौ किनभने ख्रीष्टको स्वरुपमा बढ्नको लागि हामीलाई अरु क्रिश्चियनहरुको मदतको आवश्यकता हुन्छ (एफिसी ४:११-१६).

२. सकारात्मक धारणाले ख्रीष्टको देहमा जीवन, शान्ति र मेल-मिलाप उत्पन्न गर्छ. तर नकारात्मक विचारले मृत्यु, उथल-पुथल र अनेकता उत्पन्न गर्दछ. ख्रीष्टको देहको प्रत्येक सदस्यहरुबाट उहाँको आफ्नै जीवन, स्वभाव र चरित्र प्रकट भएको परमेश्वर इच्छा गर्नुहुन्छ.

३. विश्वासीहरु बीचको सँगति स्थापित गर्न र त्यो कायम राख्नको निम्ति हामी प्रत्येकले एक अर्कालाई क्षमा गर्नुपर्छ.

४. परमेश्वरबाट हामीले प्राप्त गरेका कुराहरु अरुलाई पनि बांडेनौ भने हामी आत्मिक पतनतिर लाग्नेछौं.

५. मानव शरीरमा लाखौं सेल (cell) का सबै सदस्यहरु मेल-मिलाप, एकता र जीवनको निम्ति मिलेर काम गरिरहेको उदाहरणले ख्रीष्टको देह, मण्डलीको जीवनमा भएको एकता र मेल-मिलापलाई देखाइरहेको छ. शरीरमा प्रत्येक सेल र प्रत्येक सदस्यहरु एक अर्काको निम्ति जिउंछन्. ख्रीष्टको देहमा हामीले पनि एक अर्काको त्यस्तै प्रकारले वास्ता गर्नुपर्छ र एक अर्काप्रति प्रेमिलो भएर एक अर्काको गुन मान्न सिक्नुपर्दछ.

६. ख्रीष्टको देहमा हामी एक अर्काप्रति र परमेश्वरप्रति प्रतिबद्ध हुनुपर्दछ. यसको अर्थ हाम्रो प्रतिबद्धताको खातिर मूल्य चुकाउन हामी तयार हुनुपर्दछ किनभने विश्वासीहरु बीचको साँचो सँगति एक किसिमको बरदान हो. (हिब्रू १३:१६).

७. जब हामी अरुमाथि प्रेम, दया र व्यवहारिक मदत गर्छौं यो हामीले येशू ख्रीष्टलाई नै गरेजस्तै हो (मत्ती २५:३१-४६).

८. हाम्रो एकता र एक-आपसमा ख्रीष्टको जस्तै व्यवहार पवित्र आत्माद्वारा परमेश्वरको जीवन हामी सबैले साझेरुपमा अनुभव गर्न सकेकोले गर्दा हो.